डा. Devon Q. Horton, *सुपरिन्टेन्डेन्ट*

श्री Diijon DaCosta, Sr., *समितिका अध्यक्ष*
सुश्री Deirdre P. Pierce, *उपाध्यक्ष*
श्रीमती Anna Hill
श्रीमती Whitney McGinniss
सुश्री Allyson Gevertz
श्रीमती Vickie B. Turner
डा. Joyce Morley

**तत्काल प्रकाशन गर्न मिल्ने**

अगस्त 11, 2023

**सम्पर्क:**
Donald Porter, *Ed.D.* 678-481-4110
Carla Parker 404-734-1717

# DCSD ले विद्यालय वर्ष 2023-24 का लागि दश जना नयाँ प्रिन्सिपलहरूलाई स्वागत गरेको छ ।

(STONE MOUNTAIN, GA) – DeKalb County School District (*DCSD*) का विद्यालयहरूले नयाँ नेतृत्वको साथमा विद्यालय वर्ष 2023-24 सुरु गरेका छन् । यी असाधारण प्रधानाध्यापकहरूको नियुक्तिको घोषणा गर्दा, DCSD का सुपरिटेन्डेन्ट डा. Devon Horton ले यी प्रशासकहरूका लागि र शिक्षामा उत्कृष्टतालाई अगाडि बढाउने उनीहरूको समर्पणप्रति आफ्नो उत्साह अभिव्यक्त गरे ।

"हाम्रा *विद्यार्थीहरूको उत्कृष्टताको लागि अवरोध* सिर्जना गर्ने उनीहरूको प्रतिबद्धताका कारण हामी यी उत्कृष्ट नेतृत्वहरूलाई उनीहरूको नयाँ भूमिकामा स्वागत गर्न पाउँदा गर्व गर्छौं," डा. Horton भने । "म विश्वस्त छु कि यी नवनियुक्त प्रधानाध्यापकहरूले शैक्षिक वर्ष 2023-24 र त्यसपछिको अवधिमा नवीनता, समावेशीता, समानता र शैक्षिक उत्कृष्टतालाई अगाडि बढाउनेछन् ।

"विद्यार्थीहरू, कर्मचारीहरू, परिवारहरू र समुदायप्रतिको उनीहरूको सामूहिक समर्पणले सफल नागरिकहरूको अर्को पुस्ता विकास गर्ने डिस्ट्रिक्टको प्रतिबद्धतालाई सकारात्मक रूपमा प्रतिबिम्बित गर्दछ ।"

नयाँ प्रधानाध्यापकहरूको नाम तल दिइएको छ (*विद्यालयको नामको वर्णानुक्रम अनुसार क्रमबद्ध गरिएको*):

**Druid Hills Middle School** – सुश्री. Shaveeta Bonner — Druid Hills Middle School को नेतृत्व गर्दै, सुश्री Bonner ले 22 वर्षको शैक्षिक अनुभव ल्याएकी छिन्, जसमध्ये 17 वर्ष Druid Hills Middle School मा बितेको छ । उनले आफ्नो यात्रामा विज्ञान विषयको शिक्षक, International Baccalaureate (IB) संयोजक, सहायक प्रिन्सिपल, तथा अभिभावकको भूमिका निभाएकी छिन् । प्रिन्सिपलको रूपमा सुश्री Bonner को मुख्य ध्यान सबै विद्यार्थीहरूलाई आजीवन विद्यार्थी र विश्वव्यापी समाजका चुनौतीहरू सामना गर्ने क्षमता भएको जिम्मेवार नागरिक बन्न तयार पार्नु हो ।

**Fairington Elementary School** – श्री. Alexion Clowers — Fairington Elementary School को नेतृत्व सम्हाल्न लागेका श्री. Clowers सँग 25 वर्षको शैक्षिक अनुभव छ । उनको पृष्ठभूमिको कुरा गर्नु पर्दा उनले DCSD को साथमा 15 वर्षसम्म शिक्षक, उच्च विद्यालयको मुख्य प्रशिक्षक, शिक्षण सहायता विशेषज्ञ, तथा सहायक प्रिन्सिपलकोको रूपमा काम गरेका छन् । उनले Georgia Southern University बाट स्वास्थ्य तथा शारीरिक शिक्षा विज्ञानमा स्नातक र Albany State University बाट शैक्षिक नेतृत्वमा स्नातकोत्तर हासिल गरेका छन् । प्रिन्सिपलको रूपमा उनको लक्ष्य भनेको Fairington मा निरन्तर रूपमा सहयोगी वातावरण र संस्कृति प्रदान गर्नु हो जुन शिक्षण तथा सिकाइका लागि अनुकूल हुन्छ ।

-थप-

**Fernbank Elementary School** – सुश्री. Aaronlyn Wright — 15 वर्षभन्दा धेरै वर्षको अनुभवको साथमा, सुश्री. Wright Fernbank Elementary School को नेतृत्व गर्न तयार हुनुहुन्छ । शिक्षक, शैक्षिक प्रशिक्षक, शिक्षण सहायता विशेषज्ञ, र सहायक प्रिन्सिपलको रूपमा काम गरेसकेकी, उनी विद्यार्थीहरूले असाधारण शैक्षिक अनुभव प्राप्त गरुन् भनेर सुनिश्चित गर्न समुदायसँग साझेदारी गर्न उत्साहित छिन् ।

**DeKalb Elementary School of the Arts** – डा. LaTonya Donald — DCSD का पूर्व विद्यार्थी डा. Donald 1999 मा डिस्ट्रिक्टमा पढाउन भनेर फिर्ता आइन् । उनले Atlanta Public School District र अन्तरराष्ट्रिय रूपमा Abu Dhabi Education Council मा पनि पढाएकी छिन् । विदेशमा रहँदा उनले शिक्षण सहायता विशेषज्ञ, सहायक प्रिन्सिपल, प्रिन्सिपल सहित विभिन्न पदहरूमा काम गरेकी छिन् । उनले K-8 सेटिङहरूमा STEM प्रमाणीकरण र नेतृत्वको अनुभव हासिल गरेकी छिन् ।

DeKalb Elementary School of the Arts मा प्रिन्सिपलको रूपमा आफ्नो नयाँ भूमिका स्वीकार गर्नु अघि उनी Pleasantdale Elementary School मा सहायक प्रिन्सिपल थिइन् ।

**Lithonia High School** – डा. Mulanta Wilkins — डा. Wilkins ले Southwest DeKalb High School को विज्ञानको शिक्षकको रूपमा आफ्नो शैक्षिक यात्रा सुरु गरेकी थिइन् । आफ्नो नेतृत्वको यात्रामा, उनले Atlanta Public Schools मा हाई स्कूल प्रिन्सिपल र Fulton County Schools मा हाई स्कूल सहायक प्रिन्सिपलको रूपमा सेवा प्रदान गरेकी छिन् । उनको नेतृत्वमा तथ्याङ्कमा आधारित सुधारहरू देखिएको छ, जसका कारण विद्यार्थीहरूका लागि पर्याप्त शैक्षिक उपलब्धि वृद्धि भएको छ । डा. Wilkins कुनै बच्चालाई हुर्काउन एउटा गाउँ नै चाहिन्छ भनेर विश्वास गर्छिन् । उनी शैक्षिक उत्कृष्टताको वातावरणलाई बढवा दिन Lithonia High School समुदायसँग सहयोगी साझेदारीको लागि तत्पर छिन् ।

**McClendon Elementary School** – श्री. Raft Ingram — शिक्षा क्षेत्रमा 16 वर्षको अनुभवको साथमा, श्री Ingram McClendon Elementary School को नयाँ प्रिन्सिपल हुनुहुन्छ । विशेष शिक्षा शिक्षकको रूपमा काम गर्न सुरु गरेका उनले केस मेनेजर, मेन्टर, प्रायोजक, तथा खेलकुद प्रशिक्षकको रूपमा पनि काम गरेका छन् । नौ वर्षको लागि सहायक प्रिन्सिपलको रूपमा काम गरेका उनी सिकाइ र सफलतामा ध्यान केन्द्रित गर्छन् ।

**Oak Grove Elementary School** – सुश्री. Valarie Kennedy — सुश्री. Kennedy को DCSD को यात्रा 1994 मा सुरु भयो । पाँचौं-ग्रेडको शिक्षकको रूपमा आफ्नो कार्यकाल पूरा गरेपछि, उनले Oak Grove को सहायक प्रिन्सिपलको भूमिकामा पदोन्नति हुनुअगाडि शिक्षण सहायता विशेषज्ञ लगायतका भूमिकाहरू काम गरेकी थिइन् । Oak Grove Elementary School को नेतृत्व गर्ने तयारी गर्दै गर्दा, नयाँ प्रधानाध्यापक बन्ने कुरामा उनको गर्व स्पष्ट छ ।

**Robert Shaw Traditional Theme School** – डा. Kim Williams — DCSD मा 26 वर्ष सहित शिक्षा क्षेत्रको 28 वर्षको अनुभवको गौरवको साथमा, डा. Williams ले अहिले Robert Shaw Traditional Theme School को नेतृत्व गर्न गइरहेकी छिन् । उनको बहुआयामिक पेशागत जीवनमा शिक्षक, पठन विज्ञ, डिस्ट्रिक्ट प्रशिक्षक, Title । शिक्षण कोच, शैक्षण कोच, तथा सहायक प्रिन्सिपलको भूमिकाहरू समावेश छन् । डा. Williams को लक्ष्य भनेको विद्यालयको शैक्षिक उत्कृष्टताको विरासतलाई कायम राख्नु हो ।

**Stephenson High School** – डा. Kalisha Sackey — शिक्षा क्षेत्रको 23 वर्षको अनुभवको साथमा, डा. Sackey ले Stephenson High School को नेतृत्व गर्नु हुनेछ । उनको समृद्ध पृष्ठभूमिमा उच्च विद्यालयको गणितको शिक्षक, शैक्षिक कोच, र सहायक प्रिन्सिपलको भूमिका समावेश छ, उनको सेवाको महत्त्वपूर्ण अंश Stephenson High School तर्फ समर्पित छ। डा. Sackey विद्यालयमा सुधारको कामलाई निरन्तरता दिन तयार छिन् ।

-थप-

**Stone Mountain Middle School** – सुश्री. Marshea Warner — Druid Hills High School बाट ग्राजुएट गरेकी सुश्री Warner Stone Mountain Middle School मा आएर फेरि आफ्नो जडमा फर्किएकी छिन् । शिक्षा क्षेत्रमा दुई दशक भन्दा बढी समयको अनुभवको साथमा, उनी माध्यामिक विद्यालय शिक्षिका, हस्तक्षेपको प्रतिक्रियासम्बन्धी विशेषज्ञ, सहायक प्रिन्सिपल, र अहिले प्रिन्सिपल भएकी छिन् । उनले Georgia State University बाट मध्य बाल्यकाल शिक्षामा स्नातक डिग्री र शैक्षिक नेतृत्वमा स्नातकोत्तर डिग्री र University of West Florida बाट शैक्षिक नेतृत्वमा विशेषज्ञ डिग्री हासिल गरेकी छिन् । Stone Mountain समुदायले "जहाजको दिशा परिवर्तन गर्न" खोजिरहेको समयमा समुदायलाई मार्गदर्शन गर्ने मौका पाएकोमा सुश्री. Warner रोमाञ्चित छिन् ।

XXX

Robert R. Freeman Administrative Complex
1701 Mountain Industrial Blvd. | Stone Mountain, GA 30083
678.676.1200 | www.dekalbschoolsga.org